स्थानीय सरकार
LOCAL GOVERNMENT
# दुहवी नगरपालिका
# DUHABI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.-२०८३/०८४
च.नं.-

मितिः-२०८३/०४/२५

विषयः फोहोरमैला संकलन कार्य स्थगित हुने सम्बन्धि सूचना।

श्री सम्पूर्ण नगरवासी महानुभावहरू,
दुहवी नगरपालिका,दुहवी,सुनसरी।

प्रस्तुत विषयमा यस दुहवी नगरपालिका वडा नं. ४ मा सञ्चालित फोहोरमैला प्रशोधन केन्द्रसम्म जाने पहुँच मार्गमा अत्यधिक पानी जम्मा भई सवारी साधन आवतजावत गर्न नसक्ने अवस्था सिर्जना भएको साथै, प्रशोधन केन्द्र परिसरसमेत जलमग्न भई फोहोरमैला व्यवस्थापन तथा विसर्जनको कार्य पूर्ण रूपमा प्रभावित हुन पुगेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। उक्त असहज अवस्थाका कारण फोहोरमैला संकलन गर्ने सवारी साधन सञ्चालन गर्न नसकिने भएकाले नगर क्षेत्रभित्र सञ्चालन हुँदै आएको नियमित फोहोरमैला संकलन कार्य तत्कालका लागि स्थगित गरिएको छ। यस अप्रत्याशित प्राकृतिक समस्याका कारण नगरवासी महानुभावहरूमा पर्न गएको असुविधाप्रति दुहवी नगरपालिका हार्दिक क्षमायाचना गर्दछ। बाटो तथा फोहोरमैला प्रशोधन केन्द्रमा जमेको पानीको निकास गरी यथाशीघ्र फोहोरमैला संकलन तथा व्यवस्थापन सेवा सुचारु गर्न नगरपालिकाका सम्पूर्ण आवश्यक संयन्त्रहरू परिचालन भइसकेका हुँदा परिस्थिति सामान्य नभएसम्म फोहोरमैला सडक, चोक वा अन्य सार्वजनिक स्थलमा नफाली आ-आफ्नो घर-आँगनमा सुरक्षित रूपमा राखिदिनुहुन नगरवासी महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ।

२०८३/०४/२५

नि. प्रमुख प्र. अधिकृत



Scanned with CamScanner